# नवौं राष्ट्रिय खेलकुद-२०७९ को
# प्रतीक चिन्ह (Logo)

नवौं राष्ट्रिय खेलकुद-२०७९
पोखरा, गण्डकी प्रदेश

प्रस्तुत प्रतीक चिन्ह पोखरा, गण्डकी प्रदेशमा सम्पन्न हुन गइरहेको नवौं राष्ट्रिय खेलकुद २०७९ का लागि तयार गरिएको हो । प्रस्तुत प्रतीक चिन्हमा गण्डकी प्रदेशको राजधानी पोखरा र देशकै शोभा माछापुच्छ्रेलाई रेखाकृतिमा देखाइएको छ । त्यस तलका आकाशे निलो रेखाले परोक्ष रूपबाट शान्तिको प्रतीक परेवालाई प्रतिबिम्बित गर्दछ भने रातो रंगको चार धर्साले परेवाको पखेटा दर्शाई परेवाको आकृतिलाई पूर्णता प्रदान गरी प्रतीक चिन्हमा गति प्रदान गरेको छ साथै चार धर्साले खेल मैदानको ट्रेकका साथै गण्डकी प्रदेशको साबिकको प्रदेश नं. ४ लाई समेत दर्शाउँछ । त्यस्तै उक्त ट्रेकमा रहेको चन्द्रसूर्यले राष्ट्रिय ध्वजालाई प्रतिविम्बित गर्नुका साथै सहभागी हुने सबै टिमको प्रतिनिधित्व गरेको छ । त्यस्तै यस आकृतिको तलका दुई हरफले राष्ट्रिय खेलकुदको संस्करण र साल एवम् उक्त प्रतियोगिता हुने स्थान अनि प्रदेश बुझाएको छ । साथै यसले प्रतीक चिन्हको आधार तयार गरेको छ ।

यसमा प्रयोग गरिएको रंग राष्ट्रिय ध्वजामा प्रयुक्त रंग भएकाले स्वत: राष्ट्रिय भाव व्यक्त हुनुका साथै आकाशे निलो रंगको प्रयोगले शान्ति र शितलताको भाव प्रदान गर्दछ ।